## आ.व. २०७५/०७६ देखि २०७७/०७८ सम्मको

# मध्यमकालीन खर्च संरचना

## (संक्षिप्त क्षेत्रगत प्रक्षेपण र मार्गदर्शन)

## २०७५

प्रदेश सरकार, प्रदेश नं. ३

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

हेटौंडा

https://moeap.p3.gov.np

# प्रदेश सरकारको आ.व. २०७५।७६ देखि ०७७।७८ सम्मको मध्यमकालीन खर्च संरचना

(संक्षिप्त क्षेत्रगत प्रक्षेपण र मार्गदर्शन)

परिचय :

आवधिक योजनालाई बजेटसँग र बजेटलाई कार्यक्रमसँग जोड्ने औजारलाई मध्यमकालीन खर्च संरचना (MTEF) भनिन्छ। यो खर्चको ३ वर्षे प्रक्षेपण गर्ने विधि हो। यो सरकारी खर्चको अग्रिम योजना हो। सरकारी खर्चलाई व्यवस्थापन गर्न प्रयोग गरिने एउटा नयाँ अवधारणाको रुपमा यसलाई लिइन्छ। यसको पूरा रुप Medium Term Expenditure Framework हो। नेपालमा यसलाई आ.व. २०५९/६० देखि प्रयोगमा ल्याइएको हो। सरकारले गर्ने सबै खर्चलाई एउटै थलोमा राखेर प्राथमिकताका आधारमा बाँडफाँड गरी खर्चको उपलब्धी बढाउनु यसको प्रमुख उद्देश्य हो।

अन्य उद्देश्यहरु :

- सरकारी खर्चमा पारदर्शिता बढाउने
- वित्तीय अनुशासन कायम गराउने
- योजनामा बजेटको सुनिश्चितता गर्ने
- सरकारको प्राथमिकता निर्धारण गर्ने
- गैर बजेटरी खर्च नियन्त्रण गर्ने
- स्रोत साधनको महतम र उपयोगी परिचालन गर्ने
- वित्तीय जवाफदेहिता पूरा गर्ने

**MTEF** को आवश्यकता :

- योजनालाई बजेटसँग र बजेटलाई कार्य सम्पादनसँग आवद्ध गरी साधनलाई उपलब्धिमूलक बनाउन
- आयोजनाहरुको प्राथमिकीकरण (P1,P2,P3) गर्न
- प्राथमिकता प्राप्त आयोजनालाई साधनको सुनिश्चितता गर्न
- सीमित साधन र असीमित आवश्यकता बिचको खाडल कम गर्न
- सरकारी खर्च प्रवाहको भविष्यवाणी गर्न
- खर्चको अग्रिम अनुमान गर्न
- सरकारका सबै अंगको भूमिका स्पष्ट गर्न
- बहुवर्षिय ठेक्कालाई सहयोग गर्न
- सरकारी खर्च व्यवस्थाको कमी कमजोरी हटाउन
- सरकारको स्रोत साधनलाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई प्राथमिकताको आधारमा बाँडफाँड गर्न
- सार्वजनिक खर्चमा मितव्ययीता हासिल गर्न

कानूनी व्यवस्था :

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-६, (सार्वजनिक खर्च व्यवस्था) दफा १७ अनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने :-

(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आ.व.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यमकालीन खर्च संरचनामा देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका २ आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धी,

(घ) प्रस्तावित योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धीको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,

(छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

प्रदेश सरकारको क्षेत्रगत आधारमा

# त्रिवर्षीय खर्च प्रक्षेपण

**आ.व. : २०७५/७६-२०७७/७८**

**विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रु. हजारमा

**आवास र शहरी विकास**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १५,०२,४९९ | १,४७,००८ | १३,५५,४९१ | – | ४,८०,००० | १०,२२,४९९ | – | – |
| २०७६/७७ | १६,५२,७४९ | १,६१,७०९ | १४,९१,०४० | – | ५,२८,००० | ११,२४,७४९ | – | – |
| २०७७/७८ | १८,१८,०२४ | १,७७,८८० | १६,४०,१४४ | – | ५,८०,८०० | १२,३७,२२४ | – | – |

रु. हजारमा

**उद्योग**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १२,६९,८५५ | ४,५३,७९१ | ८,१६,०६४ | – | ७,९३,४९४ | ४,७६,३६१ | – | – |
| २०७६/७७ | १३,९६,८४० | ४,९९,१७० | ८,९७,६७० | – | ८,७२,८४३ | ५,२३,९९७ | – | – |
| २०७७/७८ | १५,३६,५२४ | ५,४९,०८७ | ९,८७,४३७ | – | ९,६०,१२७ | ५,७६,३९७ | – | – |

रु. हजारमा

**उर्जा**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | | | | | | | | |
| | १५,११,३३६ | १,३२,०१४ | १३,७९,३२२ | – | ४,३०,००० | १०,८१,३३६ | – | – |
| २०७६/७७ | १६,६२,४६९ | १,४५,२१५ | १५,१७,२५४ | – | ४,७३,००० | ११,८९,४७० | – | – |
| २०७७/७८ | १८,२८,७१६ | १,५९,७३७ | १६,६८,९७९ | – | ५,२०,३०० | १३,०८,४१७ | – | – |

रु. हजारमा

**कृषि**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १९,६८,६८६ | ७,२६,३४८ | १२,४२,३३८ | – | १३,०१,०७९ | ६,६७,६०७ | – | – |
| २०७६/७७ | २१,६५,५५५ | ७,९८,९८३ | १३,६६,५७२ | – | १४,३१,१८७ | ७,३४,३६८ | – | – |
| २०७७/७८ | २३,८२,११० | ८,७८,८८१ | १५,०३,२२९ | – | १५,७४,३०६ | ८,०७,८०५ | – | – |

**कानुन न्याय तथा प्रदेश मामिला**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ३१,९७० | ३१,३७० | ६०० | – | २९,८९० | २,०८० | – | – |
| २०७६/७७ | ३५,१६७ | ३४,५०७ | ६६० | – | ३२,८७९ | २,२८८ | – | – |
| २०७७/७८ | ३८,६८४ | ३७,९५८ | ७२६ | – | ३६,१६७ | २,५१७ | – | – |

**कार्य सञ्चालन तथा प्रशासनिक खर्च**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ३९,५६,८७९ | ६,६६,४३४ | ३२,९०,४४५ | – | १२,३१,८३२ | २७,२५,०४७ | – | – |
| २०७६/७७ | ४३,५२,५६७ | ७,३३,०७७ | ३६,१९,४९० | – | १३,५५,०१५ | २९,९७,५५२ | – | – |
| २०७७/७८ | ४७,८७,८२४ | ८,०६,३८५ | ३९,८१,४३९ | – | १४,९०,५१७ | ३२,९७,३०७ | – | – |

**खानेपानी**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १५,६७,२५७ | ३,२९,६७४ | १२,३७,५८३ | – | ५,०५,००० | १०,६२,२५७ | – | – |
| २०७६/७७ | १७,२३,९८२ | ३,६२,६४१ | १३,६१,३४१ | – | ५,५५,५०० | ११,६८,४८३ | – | – |
| २०७७/७८ | १८,९६,३८० | ३,९८,९०५ | १४,९७,४७५ | – | ६,११,०५० | १२,८५,३३१ | – | – |

**गुठी ब्यवस्थापन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ९,८८० | ९,८८० | – | – | ९,८८० | – | – | – |
| २०७६/७७ | १०,८६८ | १०,८६८ | – | – | १०,८६८ | – | – | – |
| २०७७/७८ | ११,९५५ | ११,९५५ | – | – | ११,९५५ | – | – | – |

**जलस्रोत**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ३,६२,९०० | ५,५०० | ३,५७,४०० | – | ३,६२,९०० | – | – | – |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | ३,९९,१९० | ६,०५० | ३,९३,१४० | – | ३,९९,१९० | – | – | – |
| २०७७/७८ | ४,३९,१०९ | ६,६५५ | ४,३२,४५४ | – | ४,३९,१०९ | – | – | – |

**तथ्याङ्क**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | २,६०० | २,६०० | – | – | – | २,६०० | – | – |
| २०७६/७७ | २,८६० | २,८६० | – | – | – | २,८६० | – | – |
| २०७७/७८ | ३,१४६ | ३,१४६ | – | – | – | ३,१४६ | – | – |

**द्वन्द्व ब्यवस्थापन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ५०,००० | ५०,००० | – | – | ५०,००० | – | – | – |
| २०७६/७७ | ५५,००० | ५५,००० | – | – | ५५,००० | – | – | – |
| २०७७/७८ | ६०,५०० | ६०,५०० | – | – | ६०,५०० | – | – | – |

**प्रदेश अनुसन्धान ब्यूरो**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ५५,००० | ५,००० | ५०,००० | – | ५५,००० | – | – | – |
| २०७६/७७ | ६०,५०० | ५,५०० | ५५,००० | – | ६०,५०० | – | – | – |
| २०७७/७८ | ६६,५५० | ६,०५० | ६०,५०० | – | ६६,५५० | – | – | – |

**प्रदेश प्रहरी**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ११,६८,८२० | ३५,१२० | ११,३३,७०० | – | ११,६८,८२० | – | – | – |
| २०७६/७७ | १२,८५,७०२ | ३८,६३२ | १२,४७,०७० | – | २,८५,७०२ | – | – | – |
| २०७७/७८ | १४,१४,२७२ | ४२,४९५ | १३,७१,७७७ | – | १४,१४,२७२ | – | – | – |

**प्रदेश ब्यबस्थापिका**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | २,२८,९१२ | २,२८,९१२ | – | – | २,२८,९१२ | – | – | – |
| २०७६/७७ | २,५१,८०३ | २,५१,८०३ | – | – | २,५१,८०३ | – | – | – |
| २०७७/७८ | २,७६,९८३ | २,७६,९८३ | – | – | २,७६,९८३ | – | – | – |

**प्रदेश मुख्यमन्त्रीको कार्यालय**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ४,१६,००० | २,०१,००० | २,१५,००० | – | ४,१६,००० | – | – | – |
| २०७६/७७ | ४,५७,६०० | २,२१,१०० | २,३६,५०० | – | ४,५७,६०० | – | – | – |
| २०७७/७८ | ५,०३,३६० | २,४३,२१० | २,६०,१५० | – | ५,०३,३६० | – | – | – |

**प्रदेश शासन ब्यवस्था**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १३,९०० | १३,९०० | – | – | १३,९०० | – | – | – |
| २०७६/७७ | १५,२९० | १५,२९० | – | – | १५,२९० | – | – | – |
| २०७७/७८ | १६,८१९ | १६,८१९ | – | – | १६,८१९ | – | – | – |

**प्रदेश सामान्य प्रशासन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १,९०० | १,९०० | – | – | १,९०० | – | – | – |
| २०७६/७७ | २,०९० | २,०९० | – | – | २,०९० | – | – | – |
| २०७७/७८ | २,२९९ | २,२९९ | – | – | २,२९९ | – | – | – |

**पर्यटन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १०,१५,६०० | ७७,४२० | ९,३८,१८० | – | ९,१७,१०० | ९८,५०० | – | – |
| २०७६/७७ | ११,१७,१६० | ८५,१६२ | १०,३१,९९८ | – | १०,०८,८१० | १,०८,३५० | – | – |
| २०७७/७८ | १२,२८,८७६ | ९३,६७८ | ११,३५,१९८ | – | ११,०९,६९१ | १,१९,१८५ | – | – |

**पशुपन्क्षी**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ७,२५,४७७ | २,४४,२६८ | ४,८१,२०९ | – | ५,७६,९७४ | १,४८,५०३ | – | – |
| २०७६/७७ | ७,९८,०२५ | २,६८,६९५ | ५,२९,३३० | – | ६,३४,६७१ | १,६३,३५३ | – | – |
| २०७७/७८ | ८,७७,८२८ | २,९५,५६५ | ५,८२,२६३ | – | ६,९८,१३८ | १,७९,६८८ | – | – |

**भूमि ब्यवस्थापन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | २२,८८० | ६,३०० | १६,५८० | – | २२,८८० | – | – | – |
| २०७६/७७ | २५,१६८ | ६,९३० | १८,२३८ | – | २५,१६८ | – | – | – |
| २०७७/७८ | २७,६८५ | ७,६२३ | २०,०६२ | – | २७,६८५ | – | – | – |

**भ्रष्टाचार नियन्त्रण**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | २,९०० | २,९०० | – | – | २,९०० | – | – | – |
| २०७६/७७ | ३,१९० | ३,१९० | – | – | ३,१९० | – | – | – |
| २०७७/७८ | ३,५०९ | ३,५०९ | – | – | ३,५०९ | – | – | – |

**महिला बालबालिका तथा जेष्ठ नागरिक**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | | प्रदेश | नेपाल | वैदेशिक | वैदेशिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वित्तीय | सरकार | सरकार | अनुदान | ऋण |
| २०७५/७६ | ४,४९,८८२ | ३,१२,१८२ | १,३७,७०० | – | ४,४९,८८२ | – | – | – |
| २०७६/७७ | ४,९४,८७० | ३,४३,४०० | १,५१,४७० | – | ४,९४,८७० | – | – | – |
| २०७७/७८ | ५,४४,३५७ | ३,७७,७४० | १,६६,६१७ | – | ५,४४,३५७ | – | – | – |

**युवा तथा खेलकुद**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ६,८४,१३४ | ५,३३,७९२ | १,५०,३४२ | – | ६,३७,३०० | ४६,८३४ | – | – |
| २०७६/७७ | ७,५२,५४७ | ५,८७,१७१ | १,६५,३७६ | – | ७,०१,०३० | ५१,५१७ | – | – |
| २०७७/७८ | ८,२७,८०२ | ६,४५,८८८ | १,८१,९१४ | – | ७,७१,१३३ | ५६,६६९ | – | – |

**यातायात**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ५०,००० | ५,००० | ४५,००० | – | ५०,००० | – | – | – |
| २०७६/७७ | ५५,००० | ५,५०० | ४९,५०० | – | ५५,००० | – | – | – |
| २०७७/७८ | ६०,५०० | ६,०५० | ५४,४५० | – | ६०,५०० | – | – | – |

**योजना तथा बजेट**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १०,१६,७०० | १६,७०० | १०,००,००० | – | – | १०,१६,७०० | – | – |
| २०७६/७७ | ११,१८,३७० | १८,३७० | ११,००,००० | – | – | ११,१८,३७० | – | – |
| २०७७/७८ | १२,३०,२०७ | २०,२०७ | १२,१०,००० | – | – | १२,३०,२०७ | – | – |

**वन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ९,१५,३८३ | १,७४,४४५ | ७,४०,९३८ | – | ६,९५,५२० | २,१९,८६३ | – | – |
| २०७६/७७ | १०,०६,९२२ | १,९१,८९० | ८,१५,०३२ | – | ७,६५,०७२ | २,४१,८४९ | – | – |
| २०७७/७८ | ११,०७,६१४ | २,११,०७९ | ८,९६,५३५ | – | ८,४१,५७९ | २,६६,०३४ | – | – |

**वाणिज्य तथा आपूर्ति**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १,४८,९०० | ९,९०० | १,३९,००० | – | १,४८,९०० | – | – | – |
| २०७६/७७ | १,६३,७९० | १०,८९० | १,५२,९०० | – | १,६३,७९० | – | – | – |
| २०७७/७८ | १,८०,१६९ | ११,९७९ | १,६८,१९० | – | १,८०,१६९ | – | – | – |

**विज्ञान प्रविधि**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ५६,८०० | १०,८०० | ४६,००० | – | ५६,८०० | – | – | – |
| २०७६/७७ | ६२,४८० | ११,८८० | ५०,६०० | – | ६२,४८० | – | – | – |
| २०७७/७८ | ६८,७२८ | १३,०६८ | ५५,६६० | – | ६८,७२८ | – | – | – |

**विपद व्यवस्थापन**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ७१,९०० | ७१,९०० | – | – | ७१,९०० | – | – | – |
| २०७६/७७ | ७९,०९० | ७९,०९० | – | – | ७९,०९० | – | – | – |
| २०७७/७८ | ८६,९९९ | ८६,९९९ | – | – | ८६,९९९ | – | – | – |

**श्रम तथा रोजगार**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | २,८७,६५५ | १,३३,०७५ | १,५४,५८० | – | २,२१,००० | ६६,६५५ | – | – |
| २०७६/७७ | ३,१६,४२१ | १,४६,३८३ | १,७०,०३८ | – | २,४३,१०० | ७३,३२१ | – | – |
| २०७७/७८ | ३,४८,०६३ | १,६१,०२१ | १,८७,०४२ | – | २,६७,४१० | ८०,६५३ | – | – |

**शान्ति सुरक्षा**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | २०,००० | – | २०,००० | – | २०,००० | – | – | – |
| २०७६/७७ | २२,००० | – | २२,००० | – | २२,००० | – | – | – |
| २०७७/७८ | २४,२०० | – | २४,२०० | – | २४,२०० | – | – | – |

**शिक्षा**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १६,९३,७४८ | १२,४०,८९८ | ४,५२,८५० | – | ११,७७,९०० | ५,१५,८४८ | – | – |
| २०७६/७७ | १८,६३,१२३ | १३,६४,९८८ | ४,९८,१३५ | – | १२,९५,६९० | ५,६७,४३३ | – | – |
| २०७७/७८ | २०,४९,४३६ | १५,०१,४८७ | ५,४७,९४९ | – | १४,२५,२५९ | ६,२४,१७६ | – | – |

**संघ र स्थानीय तहसँग सम्पर्क**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १७,३८४ | १७,०३४ | ३५० | – | ६,५०० | १०,८८४ | – | – |
| २०७६/७७ | १९,१२२ | १८,७३७ | ३८५ | – | ७,१५० | ११,९७२ | – | – |
| २०७७/७८ | २१,०३५ | २०,६११ | ४२४ | – | ७,८६५ | १३,१६९ | – | – |

**सञ्चार तथा सूचना प्रविधि**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ७,००० | ४,५०० | २,५०० | – | ७,००० | – | – | – |
| २०७६/७७ | ७,७०० | ४,९५० | २,७५० | – | ७,७०० | – | – | – |
| २०७७/७८ | ८,४७० | ५,४४५ | ३,०२५ | – | ८,४७० | – | – | – |

**सडक**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ४४,६०,०४९ | ५४,२६२ | ४४,०५,७८७ | – | २६,६०,००० | १८,००,०४९ | – | – |
| २०७६/७७ | ४९,०६,०५४ | ५९,६८८ | ४८,४६,३६६ | – | २९,२६,००० | १९,८०,०५४ | – | – |
| २०७७/७८ | ५३,९६,६६० | ६५,६५७ | ५३,३१,००३ | – | ३२,१८,६०० | २१,७८,०५९ | – | – |

**स्वास्थ्य**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १०,०१,०७३ | ९,३९,५४३ | ६१,५३० | – | ४,११,७०० | ५,८९,३७३ | – | – |
| २०७६/७७ | ११,०१,१८० | १०,३३,४९७ | ६७,६८३ | – | ४,५२,८७० | ६,४८,३१० | – | – |
| २०७७/७८ | १२,११,२९८ | ११,३६,८४७ | ७४,४५१ | – | ४,९८,१५७ | ७,१३,१४१ | – | – |

**सहकारी**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | १,२९,७५० | १,२९,७५० | – | – | १,२९,७५० | – | – | – |
| २०७६/७७ | १,४२,७२५ | १,४२,७२५ | – | – | १,४२,७२५ | – | – | – |
| २०७७/७८ | १,५६,९९८ | १,५६,९९८ | – | – | १,५६,९९८ | – | – | – |

**सिचाइ**

रु. हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | प्रदेश सरकार | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७५/७६ | ८,९४,९०१ | ९,५८१ | ८,८५,३२० | – | ६,४९,५०० | २,४५,४०१ | – | – |
| २०७६/७७ | ९,८४,३९१ | १०,५३९ | ९,७३,८५२ | – | ७,१४,४५० | २,६९,९४१ | – | – |
| २०७७/७८ | १०,८२,८३० | ११,५९३ | १०,७१,२३७ | – | ७,८५,८९५ | २,९६,९३५ | – | – |

# वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५

प्रदेश सरकारको आगामी ३ वर्षको लागि स्रोत र कुल खर्च प्रक्षेपण गर्ने सम्बन्धमा मिति २०७५/०१/२७ गते बसेको स्रोत समितिको निर्णयानुसार तय भएको बजेट (खर्च) को सिमा भित्र रही आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्मको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework - MTEF) सहित आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरी २०७५ वैशाख ३१ गतेभित्र प्रदेश सञ्चित कोष ब्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application - SuTRA) मा प्रविष्टि गरी सो को प्रति आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तुत गर्ने प्रयोजनका लागि निम्न बमोजिमको मार्गदर्शन (Guidelines) प्रेषित गरिएको छ। यद्यपी यो आर्थिक वर्षमा सवै योजनाहरुको वहुवर्षीय प्रक्षेपण गर्ने कार्य सम्पन्न भैनसकेको तथा आवधिक योजना समेत नवनिसकेको हुँदा नवगठित नीति तथा योजना आयोगसंग समन्वय गरी आगामी आर्थिक वर्षमा प्रकाशन गरिने छ ।

**(क) समष्टिगत मार्गदर्शन**

१. नेपाल सरकारको चौधौं योजना (२०७३/७४-२०७५/७६) मा उल्लिखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, प्रदेश सरकारका प्राथमिकता तथा दिगो विकास लक्ष्यप्रतिका लागि नेपालको प्रतिवद्धता एवं देखिने तथा अनुभूत गर्न सकिने र राजनीतिक दलहरुको चुनावी घोषणा पत्रहरु लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी समष्टिगत तथा विषयगत क्षेत्रका नतिजा सूचकहरुमा निर्दिष्ट लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने। साथै, नेपाल सरकारको चौधौं योजनामा उल्लिखित कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिने।

२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/१२/७ को निर्णय अनुसार स्वीकृत अनुसूची १ मा संलग्न आधार बमोजिम हाल केन्द्रबाट संचालित विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गरी आर्थिक वर्ष २०७५/७६ मा प्रदेशले संचालन गर्ने विकास कार्यक्रम तथा आयोजना मात्र प्रस्ताव गर्ने। (साथै, हाल केन्द्रबाट सञ्चालन भइरहेका विकास कार्यक्रम तथा आयोजनारूमध्ये प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नका लागि पहिचान गरिएका विकास कार्यक्रम तथा आयोजनाहरू छुट्टै प्रस्ताव गर्ने)

३. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था बमोजिम अनुसूची २ मा संलग्न खाकामा मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने। साथै, आर्थिक मामिला तथा योजना मन्त्रालयमा हुने नीति, कार्यक्रम र विनियोजन सम्बन्धी छलफलमा मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको लक्ष्य र प्रस्तावित बजेटबीचको सम्बन्धलाई स्पष्ट गर्नुपर्ने।

४. कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित

विषय र वर्तमान सरकारका प्राथमिकतालाई सम्बोधन हुनेगरी प्रस्ताव गर्ने।

५. दिगो विकास लक्ष्यसम्बन्धी राष्ट्रिय सूचकहरु हासिल गर्न सघाउ पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्ने।

६. क्षेत्रगत तथा राष्ट्रिय पूँजी निर्माण, रोजगारी सिर्जना, शासकीय सुधार लगायतबाट उत्पादकत्व अभिवृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादन वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिने। साथै, आगामी आर्थिक वर्षभित्र नै सम्पन्न गर्न सकिने, उच्च प्रतिफल दिने र तत्काल आर्थिक सामाजिक लाभ हासिल हुन सक्ने क्रमागत विकास कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई प्रस्ताव गर्ने।

७. प्रचलित आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिम पेश गर्नुपर्ने विवरण समावेश गरी प्रस्ताव गर्ने।

८. प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, प्राथमिकता प्राप्त र स्रोत सुनिश्चितता दिइएका कार्यक्रम/आयोजनाको लागि पर्याप्त रकम सुनिश्चित हुने (Earmark) गरी प्रस्ताव गर्ने।

९. बहुबर्षीय विकास कार्यक्रम तथा आयोजनारूमा आगामी तीन आर्थिक वर्षको स्वीकृत बजेट सीमाको परिधिभित्र रहेर प्रत्येक वर्षको लागि बजेट प्रस्ताव गर्ने र मध्यमकालीन खर्च संरचनामा सोको पुष्ट्याइँ पेश गर्ने।

१०. पूँजीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालू बजेटका हकमा मितव्ययितालाई प्रमुख सिद्धान्तको रुपमा अवलम्बन गर्नुका साथै, वित्तीय अनुशासन कायम हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने। भैपरी आउने शीर्षकमा बजेट प्रस्ताव नगर्ने।

११. नयाँ भवन निर्माण र सवारी साधन खरिदको लागि रकम प्रस्ताव गर्दा स्वीकृत मापदण्ड बमोजिम गर्ने। प्रदेशको अनिवार्य रुपमा सहभागिता हुनुपर्ने कार्यक्रम बाहेक अवलोकन, अध्ययन वा अन्य कुनै नाममा प्रदेश सरकारको दायित्व पर्ने गरी भ्रमणका लागि रकम प्रस्ताव नगर्ने।

१२. चालू खर्च प्रस्ताव गर्दा अवश्यक इकाइ र लागत समेत एकिन गरी अत्यन्त मितव्ययी हुने गरी प्रस्ताव गर्ने।

१३. प्रत्येक विकास कार्यक्रम तथा आयोजनारूको प्राथमिकता संकेत (१, २ वा ३), लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३), गरिबी निवारण संकेत (१ वा २), जलवायु परिवर्तन संकेत (१, २ वा ३) र दिगो विकास लक्ष्य संकेत (१-१७) उल्लेख गर्ने। प्राथमिकता संकेत उल्लेख गर्दा अनुसूची ३ मा संलग्न आयोजना प्राथमिकीकरणका आधार अनुसार प्रत्येक कार्यक्रम/आयोजनाको प्राथमिकता क्रम (१, २ वा ३) खुलाउने।

१४. स्पष्ट वार्षिक कार्यान्वयन योजना, प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्यांकन योजनाको मस्यौदा संलग्न गर्ने।

१५. कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै प्रदेश सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application - SuTRA) मा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक, खरिद योजना, अनुगमन तथा मूल्यांकन योजना लगायतका विवरणसहित अनिवार्य रुपमा प्रवृष्टि गर्ने। पुष्ट्याई फाराममा नयाँ र क्रमागत कार्यक्रम/आयोजना अनिवार्य रुपमा छुट्याउने। आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल हुनुभन्दा अगावै अनिवार्य रुपमा सम्बन्धित मन्त्रालय/निकायले आन्तरिक रूपमै बजेट छलफल गर्ने व्यवस्था मिलाउने, उक्त छलफलमा आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रतिनिधि आवश्यक भएमा उपस्थितिको व्यवस्था मिलाउने र छलफलको निर्णय विकास कार्यक्रम तथा आयोजनारू प्रस्तावसाथ समावेश गर्ने।

**(ख) कार्यक्रम/आयोजना छनौट, कार्यान्वयन तथा अनुगमन प्राथमिकता**

१६. कुनै मन्त्रालय तथा निकायले कार्यक्रम तथा बजेट तयार गर्दा अन्य मन्त्रालय वा निकाय वा क्षेत्रको कार्यक्रम/आयोजनाको कार्यान्वयन र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने, सहकारी र निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने, सरकारी-निजी क्षेत्रको सहकार्यलाई सहयोग गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रम/आयोजनाहरुलाई प्राथमिकता दिने।

१७. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई विश्वसनीय, भरपर्दो तथा व्यावहारिक बनाउने र बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउने विषयलाई विशेष महत्व दिने।

१८. निर्माणसम्बन्धी आयोजनाका हकमा पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन तथा रेखांकन/नक्सांकन भइसकेका र प्रथम चौमासिकभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने।

१९. समग्रमा, मन्त्रालय तथा निकाय र सो अन्तर्गतको आयोजना कार्यान्वयन तथा खर्च गर्ने क्षमता सुदृढीकरण जस्ता पक्षलाई ध्यान दिई प्रस्ताव गर्ने। साथै, संघ, प्रदेश र स्थानीय तहबिच समन्वय हुनेगरी प्रस्ताव गर्ने।

२०. प्रदेश सरकारको नीति तथा कार्यक्रमको सिद्धान्त, प्राथमिकता र रणनितिलाई प्राथमिकता दिने।

अनुसूची १

## आगामी आर्थिक वर्षको स्रोतको आँकलन र विकास कार्यक्रम बाँडफाँटका आधार

### १. पृष्ठभूमि

आर्थिक वर्ष २०७५/७६ को बजेट प्रदेश सरकारको पहिलो पूर्ण बजेट हुनेछ। तीन तहको निर्वाचन सम्पन्न भई सरकार गठन भई कार्य प्रारम्भ गरिसकेको अवस्थामा संविधानले परिकल्पना गरेबमोजिम समाजवाद उन्मुख अर्थव्यवस्था कायम गर्न तदनुरुप नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा हुनेछ। संविधानले तीनै तहका सरकारहरूको अधिकार र कार्यहरूको किटान गरिदिएको छ। साविकमा केन्द्रीय सरकारबाट भइरहेका कार्यहरू अब संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्नेछन्। केन्द्रबाट हस्तान्तरण भई आउने केही कार्यक्रम तथा आयोजनाहरु प्रदेश सरकारले संचालन गर्नेछ भने केही आयोजनाहरु स्थानीय तहमा हस्तान्तरण गर्नेछ।

नेपालको संविधानले संघीय सरकारलाई नीति निर्माण, नियमन तथा ठूला र वृहत् प्रभाव पार्ने आयोजना तर्जुमा एवं कार्यान्वयनको जिम्मा दिएको छ भने प्रदेश तह विकास निर्माणको प्रमुख तह हुने र स्थानीय तह सेवा वितरणको पहिलो बिन्दु हुने परिकल्पना गरेको छ।

यो परिप्रेक्ष्यमा आगामी आर्थिक वर्षको बजेट तयारीका लागि स्रोतको आँकलन गर्ने र स्रोत तथा कार्यक्रम र आयोजनाहरू बाँडफाँट गर्नुपर्ने भएकाले सो को स्पष्ट आधार तयार गर्नुपर्ने भएको छ। स्रोत बाँडफाँटका लागि संविधानको धारा ५९, ६० र ६१ मा गरिएको व्यवस्था, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएका व्यवस्थाहरूलाई आधार लिइएको छ भने कार्यक्रमहरूको बाँडफाँटका लागि नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ मा भएका अधिकारका सूचीहरू, कार्य विस्तृतीकरण अभ्यास, प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य, नेपाल सरकारको चौधौं योजना, राजनीतिक दलहरुको चुनावी घोषणा पत्र आदिलाई मूल आधारको रूपमा लिइएको छ।

### २. आगामी आर्थिक वर्षको विकास कार्यक्रम बाँडफाँटका आधारहरू

नेपालको संविधान बमोजिम चालु आर्थिक वर्षसम्म नेपाल सरकारले संचालन गरिरहेका आयोजना/कार्यक्रमहरु तीनै तहका सरकारले संचालन गर्नका लागि यी आयोजना/कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था समेतको आधारमा बाँडफाँड गरी कार्यान्वयन गर्नुपर्ने भएकोले तीनका लागि देहाय बमोजिमका विषयहरुलाई निम्नानुसार समष्टिगत, क्षेत्रगत र मन्त्रालयगत आधारहरूमा विभाजन गरिएको छ :-

### २.१ समष्टिगत आधारहरू

(१) नेपालको संविधानको अनूसूची ६ र ८ मा उल्लिखित प्रदेश र स्थानीय तहको एकल अधिकारको सूचीमा परेका विषयहरू अन्तरगतका कार्यहरू तत् तत् तहले सम्पादन गर्ने। यस अन्तरगत साविकमा केन्द्रबाट कार्यान्वयन भइआएका कार्यक्रम तथा आयोजनाहरू जुन तहलाई हस्तान्तरण भई आउँछ सोही तहले कार्यान्वयन गर्ने।

(२) नेपालको संविधानको अनुसूची ७ मा उल्लिखित संघ र प्रदेशको साझा अधिकार तथा अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा परेका विषयहरू समेतका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी प्रतिवेदन" र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कार्यान्वयन गर्ने।

(३) प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित विषयहरु विषयगत मन्त्रालयहरूको जिम्मेवारीमा परेका कार्यहरू प्रदेशले सम्पादन गर्ने।

(८) संघीय संरचना बमोजिम असान्दर्भिक रहेका तथा खर्चको भार बढ्ने विकास समिति, परिषद्, बोर्ड, कोष, प्रतिष्ठान, प्राधिकरण आदि प्रदेश सरकारले सकेसम्म स्थापना नगर्ने।

(९) अनुसन्धानमूलक, अन्वेषणात्मक तथा विशिष्टीकृत क्षमता विकास सम्बन्धी संस्था वा कार्यक्रमहरू एकीकृत रुपमा सञ्चालन गर्न समन्वय गर्ने।

(१०) एक भन्दा बढी इकाई वा तहमा उपयोग हुने तथा विभाजन गर्दा प्राविधिक तथा आर्थिक रुपमा उपयुक्त नहुने प्रकृतिका कार्यक्रमहरू प्रदेश सरकारले सञ्चालन गर्ने।

(१४) गरिबी निवारणमा सहयोग पुग्ने प्रदेश स्तरीय कार्यक्रमहरु प्रदेशले सञ्चालन गर्ने।

(१५) एउटै आयोजना एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने भएमा कार्यक्षेत्र अनुसारका तहले कार्यान्वयन गर्ने। सोको अनुगमन, नियमन, समन्वय र सहजीकरण प्रदेशले गर्ने।

(१६) प्रादेशिक नीति, कानुन, मापदण्ड, नियमन, समन्वय र अनुसन्धान कार्य प्रदेशले गर्ने।

(१७) संघबाट हस्तान्तरण भई आउने आयोजनाहरु दोहोरो पर्न गएमा समायोजन गर्ने।

(१८) संघबाट हस्तान्तरण भई आउने आयोजनाहरु सम्भाव्यता हेरी स्थानीय तहमा हस्तान्तरण गर्ने।

## २.२ क्षेत्रगत र मन्त्रालयगत आधारहरू

### २.२.१ आन्तरिक मामिला तथा कानून मन्त्रालय

**(क) शासकीय व्यवस्था एवम् सुशासन**

- प्रादेशिक शासन प्रणाली र अन्तर स्थानीय तह समन्वय
- सुशासन प्रबर्द्धन तथा शासकीय सुधार
- प्रदेश अनुसन्धान व्यूरो
- प्रादेशिक तथा स्थानीय आयोजनाहरूको नतिजा व्यवस्थापन

**(ख) कानुन, न्याय तथा संसदीय मामिला**

- संघीय प्रणाली बमोजिम प्रादेशिक कानुन निर्माण
- कानुनी परामर्श तथा निःशुल्क कानुनी सहायता
- मेलमिलाप र मध्यस्थता

(ग) **गृह तथा सामाजिक सुरक्षा**

- प्रदेश शान्ति सुरक्षा, प्रदेश प्रहरी प्रशासन तथा सामुदायिक प्रहरी
- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना कारागार व्यवस्थापन प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन स्थानीय प्रशासन
- संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन विपद व्यवस्थापन

(घ) **संघीय मामिला तथा सामान्य प्रशासन**

- स्थानीय शासन तथा सामुदायिक विकास
- प्रदेशतथा स्थानीय मामिला प्रशिक्षण
- प्रदेश तथा स्थानीय निजामती सेवा र अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण

**२.२.२ आर्थिक मामिला तथा योजना मन्त्रालय**

(क) **अर्थ तथा वित्तीय मामिला**

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान

(ख) **योजना तथा तथ्याङ्क व्यवस्थापन**

- प्रादेशिक योजना तर्जुमा, अनुगमन, मूल्यांकन र अनुशिक्षण
- प्रदेश मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको प्रदेश तहमा कार्यान्वयन तथा समन्वय
- सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रादेशिक योजना तथा कार्यान्वयन
- प्रादेशिक तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन

**२.२.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

(क) **उद्योग, वाणिज्य तथा आपूर्ति**

- ग्रामीण उद्यम तथा उद्यमशीलता प्रवर्द्धन
- बजार विकास र सोका लागि आवश्यक सीप विकास
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- बजार अनुगमन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम लघु, घरेलु तथा साना उद्योग सम्बन्धी विषयमा तालिम

(ख) **वन तथा वातावरण**

- एक भन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती वनको व्यवस्थापन
- जडिबूटी विकास, उत्पादन, बजारीकरण र प्रवर्द्धन
- भू तथा जलाधार संरक्षण
- प्रदेश स्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेश स्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण नियन्त्रण
- मौसम र जल मापन सञ्जाल व्यवस्थापन
- वन तथा वातावरण सम्बन्धी तालीम
- जलवायु परिवर्तन सम्बन्धी क्रियाकलापहरू

(ग) **संस्कृति, पर्यटन तथा नागरिक उडययन**

- प्रदेश स्तरका पर्यटन पूर्वाधार
- भाषा लिपी संस्कृति ललितकला र धार्मिक सम्पदा संरक्षण
- प्रदेश संग्रहालय
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

## २.२.४ सामाजिक विकास मन्त्रालय

(क) **खानेपानी**

- प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरू
- तराई-मधेशमा १० हजार देखि ५० हजार , पहाडमा १० हजारदेखि २५ हजार र हिमालमा २ हजारदेखि ५ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पु-याउने आयोजना
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू

(ख) **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

- प्रदेशस्तरका महिला विकास कायक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन

(ग) **शिक्षा, विज्ञान तथा प्रविधि**

- शिक्षाका लागि खाद्यान्न कार्यक्रमको सञ्चालन व्यावसायिक शिक्षा तथा प्राविधिक तालीम
- पोलिटेक्निक सञ्चालन
- विज्ञान संग्राहलय तथा प्लानेटोरियम

(घ) **श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

- सीप विकास तालिम र रोजगार प्रवर्द्धन

(ङ) **स्वास्थ्य तथा जनसंख्या**

- साविकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल र आयुर्वेद चिकित्सालय
- खोप, औषधि, उपकरणको सञ्चालन
- स्थानीय तहहरूबीच स्वास्थ्य सेवाको समन्वय
- प्रादेशिक स्तरको जनसांख्यिक सूचना व्यवस्थापन, क्षमता विकास तथा अध्ययन

(च) **युवा तथा खेलकुद**

- युवा वैज्ञानिक प्रोत्साहन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन
- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

### २.२.५ भौतिक पूर्वाधार विकास मन्त्रालय

(क) **ऊर्जा, जलस्रोत तथा सिंचाई**

- मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २०० हेक्टर देखि १०,००० हेक्टरसम्म र हिमाल पहाडमा ५० हेक्टर देखि १००० हेक्टरसम्म) आयोजनाहरूको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- तराई-मधेशमा २००० हेक्टर देखि २०,००० हेक्टरसम्म सिंचित क्षेत्र भएका सिंचाइ आयोजनाहरूको मर्मत संम्भार तथा व्यवस्थापन प्रदेश स्तरीय जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन
- ११ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूबवेल तथा डिप टयूबवेल सिंचाइ योजनाहरू तथा टयूबवेल योजनाको मर्मत तथा व्यवस्थापन
- मझौला प्रकृतिका नदीहरू (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन
- लम्बाइ १०० देखि २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन

(ख) **भौतिक पूर्वाधार तथा यातायात**

- प्रदेश स्तरका लोकमार्गहरू
- साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेका सम्पूर्ण कार्यहरू (संरचना समेत)
- दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरू (ग्रामीण र कृषि सडक समेत)
- झोलुङ्गे पुल
- यातायात तथा सडक सुरक्षा सुदृढीकरण

(ग) **सहरी विकास**

- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार
- प्रदेशभित्रको आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन
- एकीकृत बस्ती विकास
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार

(घ) **सञ्चार तथा सूचना प्रविधि**

- १०० वाट भन्दा माथि १००० वाटसम्मको एफ. एम. रेडियो इजाजत र नवीकरण
- प्रदेश स्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेश स्तरको विद्युतीय संचार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन
- प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
- प्रदेश स्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन
- छापा तथा अनलाइन संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन

**२.२.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

(क) **कृषि, भूमि व्यवस्था तथा सहकारी**

- प्रदेशस्तरका फार्म केन्द्रहरू सञ्चालन र विकास
- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक र पकेट विकास सम्बन्धी कार्यहरू
- बीऊ आपूर्ति र नियमन
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी तालीम/प्रशिक्षण
- गरिब लक्षित विशिष्टीकृत कार्यहरू

अनुसूची-२

# प्रादेशिक मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी खाका

**मन्त्रालय :**

**क्षेत्र :**

**१. पृष्ठभूमि :**

**२. सोच :**

**३. ध्येय :**

**४. लक्ष्य :**

**५. उद्देश्य :**

**६. मध्यमकालीन नीति/रणनीति :**

**७. मध्यमकालीन क्षेत्रगत आर्थिक खाका :**

| आ.व. | बजेट अनुमान | | | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | नेपाल सरकार | स्थानीय तह | वैदेशिक सहयोग |
| २०७५/७६ | | | | | | | | |
| २०७६/७७ | | | | | | | | |
| २०७७/७८ | | | | | | | | |

## ८. मध्यमकालीन रणनीति अन्तर्गतका कार्यक्रम/आयोजनाको विवरण

### ८.१ कार्यक्रम/आयोजनाको उद्देश्य, खर्च आवश्यताको पुष्टयाईं तथा कार्यान्वयन गर्ने निकाय

| कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | | लागत तथा पुष्टयाईं | | कार्यान्वयन गर्ने निकाय (मन्त्रालय/विभाग/स्थानीय तह/अन्य) |
|---|---|---|---|---|---|---|
| | | सुरु (आ.व.) | समाप्ति | लागत | पुष्ट्याईं | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |

### ८.२ प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, गरिबी, लैंगिक र जलवायु संकेत

| क्र.सं. | बजेट उपशीर्षक (खाली छोड्ने) | कार्यक्रम/आयोजना | रणनीतिक स्तम्भ (खाली छोड्ने) | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य संकेत | गरिबी न्यूनीकरण संकेत | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

## ९. कार्यक्रम/आयोजनाको विगतको उपलब्धि

(खाली छोड्ने)

### ९.१ आ.व. २०७४/७५ सम्मको उपलब्धि

### ९.२ कार्यक्रम/आयोजनाको लक्षित प्रतिफल र उपलब्धि

| कार्यक्रम/आयोजना | प्रतिफल सूचक | एकाई | आ.व. २०७३/७४ (खाली छोड्ने) | | आ.व. २०७४/७५ (यस आ.व.को असार मसान्त सम्मको) | |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि | लक्ष्य | अनुमानित उपलब्धि |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |

### ९.३ बजेट : विनियोजन र उपलब्धि

| क्र.सं. | बजेट उपशीर्षक (खाली छोड्ने) | कार्यक्रम/आयोजना | आ.व. २०७३/७४ | | आ.व. २०७४/७५ | |
|---|---|---|---|---|---|---|
| | | | विनियोजन | यथार्थ खर्च | विनयोजन | संशोधित अनुमान |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |

### १०. प्रति इकाइ लागत अनुमान

| क्र.सं. | विवरण | एकाई | प्रति एकाइ लागत | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |

### ११. मध्यमकालीन खर्च अनुमान

### ११.१ मध्यमकालीन खर्च अनुमानको विनियोजन तथा स्रोत प्रक्षेपण (२०७५/७६-२०७७/७८)

| क्र.सं. | बजेट उपशीर्षक (खाली छोड्ने) | कार्यक्रम/आयोजना | आ.व. २०७५/७६ को विनियोजन र स्रोत | | | | | | | | आ.व. २०७६/७७ को विनियोजन र स्रोत | | | | | | | | आ.व. २०७७/७८ को विनियोजन र स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | वैदेशिक सहयोग | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | वैदेशिक सहयोग | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | वैदेशिक सहयोग |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |

### ११.२ कार्यान्वयन गर्ने एकाईहरूका कार्यक्रम/आयोजनाको मध्यमकालीन खर्च अनुमान (रु.हजारमा)

| कार्यान्वयन गर्ने एकाई | कार्यक्रम/आयोजना | २०७३/७४ को वास्तविक खर्च (खाली छोड्ने) | आ.व. २०७४/७५ को | | मध्यमकालीन खर्च अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | | बजेट | संशोधित खर्च अनुमान | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |

## १२. क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### १२.१ क्षेत्रगत नतिजा सूचक

| कार्यक्रमको नाम | सूचक | एकाई | आ.व. २०७३/७४ सम्मको वास्तविक उपलब्धि (खाली छोड्ने) | आ.व. २०७४/७५ को संशोधित उपलब्धि (खाली छोड्ने) | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |

### १२.२ कार्यक्रम/आयोजनाको प्रतिफल सूचक र मध्यमकालीन लक्ष्य

| कार्यक्रम/आयोजना | प्रतिफल सूचक | एकाई | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | २ | ३ | ४ | ५ | ६ |

## १३. समस्या तथा चुनौतीहरू

## १४. निष्कर्ष तथा आगामी कार्यदिशा

# मध्यमकालीन खर्च संरचना (२०७५/७६ - २०७७/७८) तयारी सम्बन्धी खाका भर्ने तरिका

(खण्ड १ देखि ६ सम्मको विवरण भर्दा नेपाल सरकारको चालु चौधौं योजनामा
उल्लेख भएका विवरणलाई आधार मान्ने)

१. **पृष्ठभूमि :**

२. **सोच :**

३. **ध्येय :**

४. **लक्ष्य :**

५. **उद्देश्य :**

६. **मध्यमकालीन नीति/रणनीति :**

७. **मध्यमकालीन समष्टिगत खाका :**

यस खण्डमा सम्बन्धित मन्त्रालय/निकायको आगामी तीन वर्षको कूल चालु खर्च, पूँजीगत खर्च, वित्तीय व्यवस्था र तीनको श्रोत के हुने हो त्यस विवरण दिने।

८. **मध्यमकालीन रणनीति अन्तर्गतका कार्यक्रम/आयोजनाको विवरण :**

८.१ **कार्यक्रम/आयोजनाको उद्देश्य, खर्चको आवश्यकताको पुष्टयाँई तथा कार्यान्वयन गर्ने निकाय :**

यस खण्डको तालिकामा विकास कार्यक्रम आयोजना विवरण भर्ने तरिका

- महल १ मा कार्यक्रम आयोजनाको नाम उल्लेख गर्ने।
- महल २ मा कार्यक्रम आयोजनाको प्रमुख उद्देश्य उल्लेख गर्ने।
- महल ३ मा कार्यक्रम/आयोजनाको शुरू भएको वा हुने आर्थिक वर्ष लेख्ने।
- महल ४ मा कार्यक्रम आयोजनाको समाप्ति (सम्पन्न हुने) आर्थिक वर्ष लेख्ने।
- महल ५ मा कार्यक्रम/आयोजनाको कुल लागत लेख्ने।
- महल ६ मा कार्यक्रम/आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्ने भए सोको खर्च आवश्यकता वा सो तयार गरिसकेको भए कार्यान्वयन खर्च छुट्याउनु पर्ने आवश्यकताको पुष्टयाँई लेख्ने।
- महल ७ मा कार्यक्रम आयोजना कार्यान्वयन गर्ने मन्त्रालय/विभाग/तह/कार्यालयको नाम उल्लेख गर्ने।

८.२ **प्राथमिकता क्रम, दिगो विकास लक्ष्य, गरिबी, लैङ्गिक र जलवायु संकेत यस तालिका यस प्रकारले भर्ने :**

- महल १ मा क्रम संख्या उल्लेख गर्ने
- महल २ मा कार्यक्रम आयोजनाको बजेट उप-शीर्षक उल्लेख गर्ने।
- महल ३ मा कार्यक्रम आयोजनाको नाम उल्लेख गर्ने।

- महल ४ मा नेपाल सरकारको चौधौं योजनामा उल्लिखित जुन रणनीतिसँग यो कार्यक्रम आयोजना सम्बन्धित छ सो रणनीति नम्बर उल्लेख गर्ने।
- महल ५ मा विकास कार्यक्रम आयोजनाको प्राथमिकता १, २ वा ३ मध्ये कुन हो सो अनुरुप P1, P2 वा P3 उल्लेख गर्ने।
- महल ६ विकास कार्यक्रम आयोजना दिगो विकासका १७ वटा लक्ष्यहरूमध्ये कुन कुनसँग सम्बन्धित छ, सो अनरुप नम्बर उल्लेख गर्ने।
- महल ७ विकास कार्यक्रम आयोजना गरिबी निवारण संकेत १, २ वा ३ मध्ये कुन हो सो अनुरुप अंक उल्लेख गर्ने।
- महल ८ विकास कार्यक्रम आयोजना लैङ्गिक संकेत १, २ वा ३ मध्ये कुन हो सो अनुरुप अंक उल्लेख गर्ने।
- महल ९ विकास कार्यक्रम आयोजना जलवायु संकेत १, २ वा ३ मध्ये कुन हो सो अनुरुप अंक उल्लेख गर्ने।

## ९. कार्यक्रम/आयोजनाको विगतको उपलब्धि

### ९.१ आर्थिक वर्ष २०७४/७५ सम्मको उपलब्धि

यस खण्डमा मन्त्रालय निकायबाट सञ्चालित कार्यक्रम आयोजनाहरूको आर्थिक वर्ष २०७४/७५ सम्मको प्रमुख उपलब्धि के के रह्यो त्यसको उपलब्धि विवरण उल्लेख गर्ने।

### ९.२ कार्यक्रम/आयोजनाको लक्षित प्रतिफल र उपलब्धि

यस खण्डको तालिका निम्नानुसार भर्ने :

- महल १ मा कार्यक्रम/आयोजनाको नाम उल्लेख गर्ने।
- महल २ मा कार्यक्रम आयोजनाबाट प्राप्त हुने प्रतिफल सूचक उल्लेख गर्ने।
- महल ३ मा सूचकको इकाई उल्लेख गर्ने।
- महल ४ मा आर्थिक वर्ष २०७३/७४ मा राखिएको लक्ष्य उल्लेख गर्ने।
- महल ५ मा आर्थिक वर्ष २०७३/७४ मा लक्ष्यअनुसार भएका उपलब्धि उल्लेख गर्ने।
- महल ६ मा आर्थिक वर्ष २०७४/७५ को लक्ष्य उल्लेख गर्ने।
- महल ७ मा आर्थिक वर्ष २०७४/७५ को आषाढ मसान्तसम्म हुने अनुमानित उपलब्धि उल्लेख गर्ने।

### ९.३ बजेट : विनियोजन र उपलब्धि

यस खण्डको तालिका निम्नानुसार भर्ने :

- महल १ मा क्रम संख्या उल्लेख गर्ने।
- महल २ मा कार्यक्रम आयोजनाको बजेट उप-शीर्षक उल्लेख गर्ने।
- महल ३ मा कार्यक्रम आयोजनाको नाम उल्लेख गर्ने।
- महल ४ मा आर्थिक वर्ष २०७३/७४ को बजेट विनियोजन उल्लेख गर्ने।

- महल ५ मा आर्थिक वर्ष २०७३/७४ को यथार्थ खर्च उल्लेख गर्ने।
- महल ६ मा आर्थिक वर्ष २०७४/७५ को बजेट विनियोजन उल्लेख गर्ने।
- महल ७ मा आर्थिक वर्ष २०७४/७५ को आषाढ मसान्तसम्म हुने खर्चको संशोधित अनुमान उल्लेख गर्ने।

**१०. प्रति इकाइ लागत अनुमान**

यस खण्डको तालिका निम्नानुसार भर्ने :

- महल १ मा क्रम संख्या उल्लेख गर्ने।
- महल २ मा क्रियाकलापको विवरण भर्ने जस्तैः झोलुङ्गे पुल निर्माण, सडक निर्माण, घर निर्माण आदि कहाँ, कुन गुणस्तर र कति आदि उल्लेख गर्ने।
- महल ३ मा इकाई उल्लेख गर्ने।
- महल ४ मा प्रति इकाई कति लागत लाग्ने हो विगतको लागत अनुमान वा नयाँ लागत वा आयोजनामा उल्लेख गरिएको लागत अनुमान आदिको आधारमा उल्लेख गर्ने।
- महल ५ मा कैफियत केही भए उल्लेख गर्ने।

**११. मध्यमकालीन खर्च अनुमान**

**११.१ मध्यमकालीन खर्च अनुमानको विनियोजन तथा श्रोत प्रक्षेपण (२०७५/७६ -२०७७/७८)**

यस खण्डको तालिका निम्न बमोजिम भर्ने :

- महल १ मा क्रम संख्या उल्लेख गर्ने।
- महल २ मा कार्यक्रम आयोजनाको बजेट उप-शीर्षक उल्लेख गर्ने।
- महल ३ मा कार्यक्रम/आयोजनाको नाम उल्लेख गर्ने।
- महल ४ मा आर्थिक वर्ष २०७५/७६ को कूल खर्च उल्लेख गर्ने।
- महल ५ मा आर्थिक वर्ष २०७५/७६ को चालु खर्च उल्लेख गर्ने।
- महल ६ मा आर्थिक वर्ष २०७५/७६ को पुँजीगत खर्च उल्लेख गर्ने।
- महल ७ मा आर्थिक वर्ष २०७५/७६ को वित्तीय व्यवस्था उल्लेख गर्ने।
- महल ८ मा उक्त आयोजनाको खर्च व्यहोर्ने श्रोत नेपाल सरकारले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल ९ मा प्रदेश सरकारले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल १० मा स्थानीय तहले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल ११ मा वैदेशिक सहयोगबाट कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल १२ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित कुल खर्च कति हुने हो उल्लेख गर्ने।
- महल १३ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित चालु खर्च कति हुने हो उल्लेख गर्ने।

- महल १४ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित पुँजीगत खर्च कति हुने हो उल्लेख गर्ने।
- महल १५ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित वित्तीय व्यवस्था कति हुने हो उल्लेख गर्ने।
- महल १६ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित खर्च व्यहोर्ने श्रोत नेपाल सरकारले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल १७ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित खर्च प्रदेश सरकारले कति व्यहोर्ने हो उल्लेख गर्ने।

  महल १८ मा आर्थिक वर्ष २०७६/७७ को लागि अनुमानित खर्च स्थानीय तहले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल १९ मा आर्थिक वर्ष २०७६/७७ को लागि प्रस्तावित अनुमानित खर्च वैदेशिक सहयोगबाट कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल २० मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित कूल खर्च कति हुने हो उल्लेख गर्ने।
- महल २१ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित चालु खर्च कति हुने हो उल्लेख गर्ने।
- महल २२ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित पुँजीगत खर्च कति हुने हो उल्लेख गर्ने।
- महल २३ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित वित्तीय व्यवस्था कति हुने हो उल्लेख गर्ने।
- महल २४ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित खर्च व्यहोर्ने श्रोत नेपाल सरकारले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल २५ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित खर्च प्रदेश सरकारले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल २६ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित खर्च स्थानीय तहले कति व्यहोर्ने हो उल्लेख गर्ने।
- महल २७ मा आर्थिक वर्ष २०७७/७८ को लागि प्रस्तावित अनुमानित खर्च वैदेशिक सहयोगबाट कति व्यहोर्ने हो उल्लेख गर्ने।

### ११.२ कार्यान्वयन गर्ने इकाइहरुका कार्यक्रम/आयोजनको मध्यमकालीन खर्च अनुमान

यस खण्डको तालिका यस प्रकार भर्ने :

- महल १ मा कार्यक्रम आयोजना कार्यान्वयन गर्ने एकाइको नाम उल्लेख गर्ने।
- महल २ मा कार्यक्रम आयोजनाको नाम उल्लेख गर्ने।
- महल ३ मा आर्थिक वर्ष २०७३/७४ मा भएको वास्तविक खर्च उल्लेख गर्ने।

- महल ४ मा आर्थिक वर्ष २०७४/७५ मा विनियोजत बजेट उल्लेख गर्ने।
- महल ५ मा आर्थिक वर्ष २०७४/७५ को आषाढसम्म हुने संशोधित खर्च अनुमान उल्लेख गर्ने।
- महल ६ मा आर्थिक वर्ष २०७५/७६ को अनुमानित बजेट वा खर्च हो उल्लेख गर्ने।
- महल ७ मा आर्थिक वर्ष २०७६/७७ को अनुमानित बजेट वा खर्च हो उल्लेख गर्ने।
- महल ८ मा आर्थिक वर्ष २०७७/७८ को अनुमानित बजेट वा खर्च हो उल्लेख गर्ने।

**१२. क्षेत्रगत नतिजा सूचक र लक्ष्य**

यस खण्डमा समग्र रुपमा प्राप्त भएको र हुने नतिजा सूचक उल्लेख गर्ने।

**१२.१ क्षेत्रगत नतिजा सूचक**

यस खण्डको तालिका निम्नानुसार भर्ने :

- महल १ मा नतिजा सूचक उल्लेख गर्ने।
- महल २ मा नतिजा सूचकको इकाई उल्लेख गर्ने।
- महल ३ मा आर्थिक वर्ष २०७३/७४ सम्मको वास्तविक उपलब्धि उल्लेख गर्ने।
- महल ४ मा आर्थिक वर्ष २०७४/७५ को आषाढसम्ममा हुन सक्ने संशोधित उपलब्धि उल्लेख गर्ने।
- महल ५ मा आर्थिक वर्ष २०७५/७६ को क्षेत्रगत नतिजा सूचकको लक्ष्य उल्लेख गर्ने।
- महल ६ मा आर्थिक वर्ष २०७६/७७ को क्षेत्रगत नतिजा सूचकको लक्ष्य उल्लेख गर्ने।
- महल ७ मा आर्थिक वर्ष २०७७/७८ को क्षेत्रगत नतिजा सूचकको लक्ष्य उल्लेख गर्ने।

**१२.२ कार्यक्रम/आयोजनाको प्रतिफल सूचक र मध्यमकालीन लक्ष्य**

यस खण्डको तालिका निम्नानुसार भर्ने :

- महल १ मा कार्यक्रम आयोजनाको नाम उल्लेख गर्ने।
- महल २ मा प्रतिफल सूचक उल्लेख गर्ने।
- महल ३ मा प्रतिफल सूचकको इकाइ उल्लेख गर्ने।
- महल ४ मा आर्थिक वर्ष २०७५/७६ को प्रतिफल सूचकको लक्ष्य उल्लेख गर्ने।
- महल ५ मा आर्थिक वर्ष २०७६/७७ को प्रतिफल सूचकको लक्ष्य उल्लेख गर्ने।
- महल ६ मा आर्थिक वर्ष २०७७/७८ को प्रतिफल सूचकको लक्ष्य उल्लेख गर्ने।

**१३. तालिका नं. ८.२ को लागि नेपाल सरकारको चौधौं योजनाको रणनीति, प्राथमिकता क्रम, दिगो विकास लक्ष्य, गरिबी संकेत, लैंगिक र जलवायु संकेत निम्न लिखित बमोजिम भर्ने :**

**१३.१ नेपाल सरकारको चौधौं योजनाको रणनीति रणनीति**

(१) कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवम् साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन वृद्धि गर्ने।

(२) ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण–सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने।

(३) सामाजिक विकास र सामाजिक सुरक्षा एवम् सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने।

(४) आर्थिक, सामाजिक एवम् शासकीय सुधार, कुशल एवम् जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने।

(५) लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने।

## १३.२ दिगो विकास लक्ष्य

(१) गरिबीको अन्त्य (सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने)

(२) शून्य भोकमरी (भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रबर्धन गर्ने)

(३) स्वस्थ जीवन (स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेर समुहका सबैको कल्याण प्रवर्धन गर्ने)

(४) गुणस्तरीय शिक्षा (सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाईको अवसरहरूलाई प्रवर्धन गर्ने)

(५) लैङ्गिक समानता (लैंगिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने)

(६) दिगो सफापानी तथा सरसफाइ सेवा (सबैका लागि खानेपानी तथा सरसफाईको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने)

(७) आधुनिक ऊर्जामा पहुँच (सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने)

(८) समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम (सबैका लागि निरन्तर, समावेशी र दिगो आर्थिक वृद्धि तथा पुर्ण र उत्पादमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने)

(९) उद्योग, नवीन खोज र पूर्वाधार (बलियो (टिकाउ) पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरणको प्रबर्धन गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने)

(१०) असमानता न्यूनीकरण (देशभित्रै र देशहरूमाझ रहेको असमानतालाई न्यून गर्ने)

(११) दिगो शहर र बस्तीहरू (नगरहरू र मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, सबल (टिकाउ) र दिगो बनाउने)

(१२) दिगो उपभोग तथा उत्पादन (दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने)

(१३) जलवायु परिवर्तन अनुकूलन (जलवायु परिवर्तन तथा यसका प्रभावहरूविरुद्ध लड्न तत्काल कार्य थाल्ने)

(१४) सामुद्रिक स्रोतको उपयोग (दिगो विकासका लागि महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत साधनहरूको संबर्धन/संरक्षण र दिगो प्रयोग गर्ने)

(१५) भूसतह स्रोतको उपयोग (दिगो पर्यावरणीय प्रणाली, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने, भूक्षयीकरणको रोकथाम र त्यस्तो प्रक्रियालाई उल्ट्याउने र जैविक विविधताको क्षतिलाई रोक्ने)

(१६) शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज (दिगो विकासका लागि शान्तिपूर्ण तथा समावेशी समाजलाई बढावा दिने, न्यायमा सबैलाई पहुँच दिने र सवै तहमा प्रभावकारी, जिम्मेवार तथा समावेशी संस्था निर्माण गर्ने)

(१७) दिगो विकासका लागि साझेदारी (दिगो विकासका लागि कार्यन्वयन प्रकृया मजबुत बनाउने र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने)

## १३.३ गरिबी संकेत

| विवरण | कोड | संकेत |
|---|---|---|
| गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने गरी विनियोजन गरेको बजेट रकमलाई | प्रत्यक्ष | १ |
| गरिबी न्यूनीकरणलाई अप्रत्यक्ष योगदान पुऱ्याउने बजेट रकमलाई | अप्रत्यक्ष | २ |

निम्न क्षेत्रमा विनियोजन गरिएको बजेटलाई गरिबीन्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने बजेटको रूपमा लिई बजेट तर्जुमा फाराममा गरिबोन्मुख बजेटको महलमा संकेत १ जनाउनु पर्नेछः

- ग्रामीण क्षेत्रमा लगानी हुने सरकारी बजेट।
- ग्रामीण क्षेत्रको आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरू।
- ग्रामीण क्षेत्रमा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू।
- सामाजिक परिचालनका लागि गरिने सरकारी खर्चहरू।
- सामाजिक क्षेत्रमा लगानी गरिने रकमहरू।
- सामाजिक सुरक्षाका कार्यक्रमहरू।
- स्थानीय निकायहरूलाई जाने अनुदानहरू।
- गरिबी निवारणमा केन्द्रीत सरकारी खर्चहरू।
- विभिन्न क्षेत्र, वर्ग, जनजातिहरूको उत्थान र विकासको लागि लक्षित कार्यक्रमहरू।

## १३.४ लैङ्गिक संकेत

| संकेत | वर्गीकरणका आधार | वर्गीकरण | बजेट कोड |
|---|---|---|---|
| १ | विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको कुल योग ५० वा सोभन्दा वढी भएमा | प्रत्यक्ष लैङ्गिक उत्तरदायी | १ |
| २ | विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको कुल योग २० वा सोभन्दा माथि तर ५० भन्दा कम भएमा | अप्रत्यक्ष लैङ्गिक उत्तरदायी | २ |
| ३ | विभिन्न सूचकका लागि निर्धारण गरिएको अङ्कभारको | लैङ्गिक दृष्टिकोणले | ३ |

| | | | |
|---|---|---|---|
| | कुल योग २० भन्दा कम भएमा | तटस्थ | |

सूचक

| क्र.सं. | सूचकहरू (Indicators) | अंकभार |
|---|---|---|
| १ | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता | २० |
| २ | महिलाहरूको क्षमता अभिवृद्धि | २० |
| ३ | कार्यक्रममा महिलाहरूको लागि लाभ तथा नियन्त्रणमा सुनिश्चितता –अन्य लक्षित वर्गका कार्यक्रममा समेत) | ३० |
| ४ | महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० |
| ५ | महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० |

### १३.५ जलवायु परिवर्तन संकेत

| खर्चको अनुपात | उपादेयता | बजेटमा उल्लेख हुने कोड (संकेत) |
|---|---|---|
| ५० प्रतिशत भन्दा बढी खर्च हुने भएमा | अत्यन्त सान्दर्भिक | १ |
| २० प्रतिशत देखि ५० प्रतिशतसम्म खर्च हुने भएमा | सान्दर्भिक | २ |
| २० प्रतिशत भन्दा कम खर्च हुने भएमा वा प्रस्तावित कार्य जलवायु परिवर्तनसँग सम्बन्धित नभएमा | तटस्थ | ३ |

## १४. समस्या तथा चुनौती

यस खण्डमा सम्बन्धित मन्त्रालय/निकायले मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनमा देखिएका प्रमुख समस्या तथा चुनौती छोटकारीमा प्रस्तुत गर्ने।

## १५. निश्कर्ष तथा आगामी कार्यदिशा

यस खण्डमा सम्बन्धित मन्त्रालय/निकायको मध्यमकालीन खर्च संरचना सम्बन्धी निश्कर्ष र आगामी दिनमा मध्यमकालीन खर्च संरचना सम्बन्धमा गर्नुपर्ने कार्य सुधार आदि छोटकरीमा उल्लेख गर्ने।